विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७९/०२/२९ गते बसेको बैठकको एजेन्डा र निर्णयहरूः-

<table>
<tr><th>क्र.सं.</th><th>एजेन्डा</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>१</td><td>आय ठेक्काको न्यूनतम अङ्क कायम गर्ने सम्बन्धमा।</td><td>महानगरपालिकाको वित्तीय अधिकारक्षेत्र अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ बमोजिम जडीबुटी, कवाडी तथा जीवजन्तु कर, र दफा ६२(२)(घ) बमोजिम सडक पूर्वाधार उपयोग सेवा शुल्क सङ्कलनका लागि विराटनगर महानगरपालिकाको राजश्व परामर्श समितिको मिति २०७९/०२/१८ मा बसेको बैठकको निर्णयबाट सिफारिस भए अनुसार आगामी आ.व.२०७९/०८० को लागि देहाय बमोजिम न्यूनतम ठेक्का अङ्क कायम गरी बोलपत्र आह्वान गर्ने सर्वसम्मतिले निर्णय गरियो।
<table>
<tr><th>क्र.सं.</th><th>ठेक्काको नाम</th><th>चालु आ.व.को ठेक्का रकम रु. (कर बाहेक)</th><th>आ.व.२०७९/०८० को लागि न्यूनतम ठेक्का अङ्क (रु.)</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>जडीबुटी, कवाडी र जीवजन्तु कर</td><td>३१,५१,४१४।०</td><td>७५,००,०००।०</td><td></td></tr>
<tr><td>२</td><td>सडक पूर्वाधार उपयोग सेवा शुल्क</td><td>५५,४५,०००।०</td><td>५५,४५,०००।०</td><td>गत आ.व. र चालु आ.व.को १४ महिनाको ठेक्का रकमलाई आधार मानिएको।</td></tr>
</table></td></tr>
<tr><td>२</td><td>घरजग्गा रजिष्ट्रेशन दररेट राय तथा सुझाव सम्बन्धमा।</td><td>भूमिसुधार तथा मालपोत कार्यालय, विराटनगर, मोरङको प.सं.२०७८/०७९, च.नं.११७१७, मिति २०७९/०२/१३ को प्राप्त पत्रबाट नगरक्षेत्रभित्र पर्ने घर जग्गाहरूको रजिष्ट्रेशन हुने लिखतहरूमा थैली अङ्क कायम प्रयोजनार्थ मालपोत नियमावली २०३६ को नियम ५(ख) बमोजिम आगामी आ.व.२०७९/०८० को न्यूनतम मूल्याङ्कन तयार गर्नको लागि आ.व.०७८/७९ को मूल्यमा के कति थपघट गर्न सकिन्छ? भनी राय तथा विवरण माग गरिएको हुँदा आगामी आ.व.२०७९/०८० मा चालु आ.व.२०७८/०७९ बमोजिमकै घरजग्गा रजिष्ट्रेशन न्यूनतम मूल्याङ्कन कायम हुन भूमिसुधार तथा मालपोत कार्यालयलाई राय पठाउने सर्वसम्मतिले निर्णय गरियो।</td></tr>
<tr><td>३</td><td>दिव्य ज्योती अस्पताल प्रा.लि.को संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति सम्बन्धमा।</td><td>विराटनगर महानगरपालिका वडा नं.१४ मा २५ शैयाको अस्पताल स्थापना तथा सञ्चालन गर्न दिव्य ज्योती अस्पताल प्रा.लि.ले संक्षिप्त वातावरणीय अध्ययन (BES) का लागि कार्यसूची फायल कार्यालयमा पेश गरेकोमा प्राविधिक समितिबाट अध्ययन, विश्लेषण तथा पुनरावलोकन गरी सिफारिस भए बमोजिम उक्त अस्पतालले स्वीकृत शर्तहरू अनिवार्य रुपमा पालना गर्नेगरी संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन सर्वसम्मतिले स्वीकृत गरियो।</td></tr>
<tr><td>४</td><td>वडा समितिको बैठक संख्या निर्धारण सम्बन्धमा।</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ एवम् नगर कार्यपालिका कार्यसम्पादन नियमावली बमोजिम वडा समितिको मासिक बढिमा ४ (चार) ओटा बैठकको बैठक भत्ता नियमानुसार उपलब्ध गराउने र बैठकको निर्णयहरू मासिक रुपमा प्रमुख समक्ष पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।</td></tr>
</table>

प्रतिलिपि
७९/०३/०२

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

| | | |
|---|---|---|
| ५ | वडा नं.२, धर्मभक्त मार्ग निर्माण कार्यको भेरिएशन आदेश तथा नपुग बजेट सम्बन्धमा। | वडा नं.२ स्थित धर्मभक्त मार्गमा आर.सि.सि. नाला तथा पिच निर्माण कार्यको लागि नि.व्य. डायनामिक/कला जे.भी.सँग रु.१,७७,७२,११४।१० (मू.अ.क. समेत) बराबरको सम्झौता भई निर्माण कार्य भइरहेकोमा उक्त सम्झौताको कार्यान्वयनको क्रममा BOQ मा रहेको केही आइटमको Quantity पूर्वानुमान गरेभन्दा धेरै नै बढ्न गएकोले लागत अनुमान (स्टीमेट) संसोधन गरिदिनु हुन भनी नि.व्य.बाट माग भएको र सम्बन्धित प्राविधिकबाट सिफारिस सहित संसोधित लागत अनुमान रु.१,९५,२४,२६९।३८ (मू.अ.क. समेत) पेश भएको र उक्त संसोधित लागत अनुमान स्वीकृत लागत अनुमानभन्दा ९.८६% बढी हुन गएकोले सो अनुसारको भेरिएसन आदेश (V.O.) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१)(ख) बमोजिम जारी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई सहमति दिने; साथै, उक्त आयोजनाको लागि नपुग रकम आ.व.२०७८/०७९ को वार्षिक नीति, कार्यक्रम तथा बजेटबाट पूर्वाधार विकासतर्फ वीरेन्द्र सभागृह शिर्षक (पाना नं.१११/सि.नं. २७६) मा विनियोजित रु.५,००,००,०००।० रकममध्ये नगर सभाको नवौं अधिवेशनबाट रु.१,००,००,०००।० कार्यालय भवन मर्मत र आकाशे पुलको V.O. को लागि रकमान्तर गरिएकोमा उक्त रकम खर्च नभई बाँकि रहेको रकमबाट आगामी नगर सभाबाट अनुमोदन हुनेगरी उक्त V.O. को बजेट व्यवस्था गरी खर्च गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ६ | वडा नं.४ र ५ को सिमाना सडक जामुनेश्वर मार्ग निर्माण कार्य ठेक्काको म्याद थप सम्बन्धमा। | विराटनगर महानगरपालिका वडा नं.४ र ५ को सिमाना सडक जामुनेश्वर मार्गमा नाला निर्माण कार्यको लागि निर्माण व्यवसायी श्रेष्ठ/खुश्बु जे.भी.सँग सम्झौता भई निर्माण कार्य सञ्चालनमा रहेकोमा सम्बन्धित क्षेत्रको साइट क्लियर हुन नसकेकोले तोकिएको समयमा कार्य सम्पन्न गर्न नसकेको भनी निर्माण व्यवसायीबाट म्याद थपका लागि निवेदन भएको र सम्बन्धित प्राविधिकबाट उक्त आयोजनामा नालाको Section मा बाँकि दुई ठाउँमा साइट्ट क्लियरेन्स नभएको एवम् नहर क्रसिङ Inverted Syphon को Design and Drawing समयमा प्राप्त हुन नसकी उत्तरको Syphon निर्माणमा समय लाग्ने भनी सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ र नियमावली, २०६४ को नियम १२०(६) बमोजिम उक्त ठेक्काको म्याद २०७९ असार १५ सम्म थप गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ७ | वडा नं.१०, पञ्चमुखी मार्गमा नाला र ढलाई आयोजनाको स्थान परिवर्तन सम्बन्धमा। | आ.व.२०७९/०८० को वार्षिक नीति, बजेट तथा कार्यक्रम बमोजिम वडा नं.१० अन्तर्गत पञ्चमुखी मार्गमा नाला र ढलाई कार्यको ठेक्का सम्झौता समेत भइसकेकोमा स्थानीयवासीको अवरोध एवम् साइट क्लियर हुन नसकेको कारण उक्त आयोजनाको निर्माण कार्य सञ्चालन हुन नसकेकोले सम्बन्धित वडा समितिको सिफारिसको आधारमा आगामी नगर सभाबाट अनुमोदन हुनेगरी उक्त आयोजनालाई स्थान परिवर्तन गरी सोही वडाको दुर्गा मार्गमा सञ्चालन गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ८ | विभिन्न समितिहरूको पदाधिकारी मनोनयन सम्बन्धमा। | (क) विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरूको अनुगमन तथा सुपरीवेक्षण गर्न एवम् जाँचपास गरी फरफारकको लागि उपप्रमुखको संयोजकत्वमा रहेको अनुगमन तथा सुपरीवेक्षण समितिमा सम्बन्धित वडाको वडा अध्यक्ष पदेन सदस्यन रहने सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

| | | |
|---|---|---|
| | | (ख) महानगरपालिका क्षेत्रभित्रका अपाङ्गता भएका व्यक्तिको गाम्भीर्यताको आधारमा चार वर्गका परिचय-पत्र उपलब्ध गराउने कार्यको लागि विराटनगर महानगरपालिकाबाट जारी अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५ को दफा ६(१)(ख) मा भएको व्यवस्था बमोजिम समन्वय समितिमा देहाय अनुसारका सदस्य मनोनयन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(१)श्री खुश्बु विश्वकर्मा (कार्यपालिका सदस्य, महिला) |
| ९ | आ.व.२०७९/०८० को बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी मार्गदर्शन एवम् बजेट सिलिङ सम्बन्धमा। | आगामी आ.व.२०७९/०८० को वार्षिक बजेट तर्जुमा सम्बन्धी समष्टिगत मार्गनिर्देशन, क्षेत्रगत मार्गनिर्देशन, बजेटको कुल सीमा, आय-व्ययको अनुमानित विवरण र विषय क्षेत्रगत एवम् वडागत बजेट सिलिङ संसोधनसहित सर्वसम्मतिले स्वीकृत गरियो। वडाको बजेट विनियोजन गर्न राष्ट्रिय योजना आयोगबाट निर्धारित ढाँचा बमोजिम जनसंख्या ३०%, क्षेत्रफल २०% (विद्युत्तीय नगर पार्श्वचित्रका आधारमा), पूर्वाधार विकाको अवस्था २०%, राजश्व परिचालनको अवस्था २०% (चालु आ.व.को दश महिनाको अवस्था) र लागत सहभागिताको अवस्था १०% भार कायम गर्ने र पूर्वाधार विकासको अवस्था वडाहरूलाई देहाय बमोजिम वर्गीकरण गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br><u>सबैभन्दा पिछडिएको वडाको आधारमा क्रमशः</u><br>वर्ग A– वडा नं. १४, १६, १८, १९ (प्रति वडा अङ्क ६.५०)<br>वर्ग B– वडा नं. ४,५,६,११,१२,१३,१५,१७ (प्रति वडा अङ्क ५.५०)<br>वर्ग C – वडा नं. १, २, ३, ८ (प्रति वडा अङ्क ४.५०)<br>वर्ग D– वडा नं. ७, ९, १० (प्रति वडा अङ्क ४.०)<br><br>उपरोक्त मापदण्ड बमोजिम कुनै वडाले रु.२ करोडभन्दा कम पाउने अवस्थामा न्यूनतम रु.२ करोड बजेट सिलिङ कायम गर्ने। |
| १० | विविध। | (क) अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत अपाङ्गता भएका बालबालिकालाई विद्यालय आवतजावत गर्न सहजताका लागि अपाङ्गतामैत्री बस खरिद गर्न पालिका स्तरीय अपाङ्गता रोकथाम तथा पुनर्स्थापना व्यवस्थापन समितिबाट सिफारिस भइआएको एवम् सोको लागि सामाजिक विकास मन्त्रालय र करुणा फाउण्डेसन, नेपालबाट सहमति प्राप्त समेत भएकोले आ.व.२०७८/०७९ को वार्षिक नीति, कार्यक्रम तथा बजेटबाट अमरज्योती च्यारिटेबल ट्रस्ट, नयाँ दिल्ली र श्री आदर्श माध्यामिक विद्यालयको सहकार्यमा समावेशी शिक्षा मोडलको कार्यान्यवन शिर्षक (बजेट किताबको पाना नं. २०८, कोड नं. ३.३.४) मा विनियोजित रकम रु.४०,००,०००।० लाई आगामी नगर सभाबाट अनुमोदन हुनेगरी अपाङ्गता भएका बालबालिकालाई आवतजावत गर्नका लागि श्री आदर्श माध्यामिक विद्यालयमा अपाङ्गतामैत्री विद्यालय बस खरिद गर्न शिर्षक संसोधन गरी उक्त विद्यालयलाई सो रकम अनुदानको रुपमा उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
नेपाल
प्रदेश नं. १,

(ख) आउँदो वर्षायामलाई मध्यनजर गर्दै सम्भावित डुबान नियन्त्रण तथा न्यूनीकरणका लागि नाला तथा ढलको वडा कार्यालयबाटै विशेष सफाई गर्न प्रत्येक वडाको लागि रु.१,००,०००।० दरले आ.व.२०७८/०७९ को वार्षिक नीति, कार्यक्रम तथा बजेटबाट पूर्वाधार विकासतर्फ वीरेन्द्र सभागृह शिर्षक (पाना नं.१११/सि.नं. २७६) मा विनियोजित रु.५,००,००,०००।० रकममध्ये नगर सभाको नवौं अधिवेशनबाट रु.१,००,००,०००।० कार्यालय भवन मर्मत र आकाशे पुलको V.O. को लागि रकमान्तर गरिएकोमा उक्त रकम खर्च नभई बाँकि रहेको रकमबाट आगामी नगर सभाबाट अनुमोदन हुनेगरी रु.१९,००,०००।० बजेट व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(ग) आ.व.२०७८/०७९ को वडा नं.६, स्तरीय योजना अन्तर्गत कार्यालय व्यवस्थापन शीर्षकमा विनियोजित रकममध्येबाट वडाको सिफारिस बमोजिम वडा नं.६ र ११ को सिमानामा रहेको प्रहरी बिट निर्माणको लागि रु.२,००,०००।० रकम खर्च गर्न आगामी नगर सभाबाट अनुमोदन हुनेगरी स्वीकृति प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(घ) वडा नं.१ स्थित कार्यालयको स्वामित्वमा रहेको पूरानो वारुणयन्त्र भवन जीर्ण भएकोले उक्त जीर्ण भवन र परिसरमा रहेका अन्य सामाग्रीहरूको मूल्याङ्कन गरी लिलामी-बिक्री गर्न सर्वसम्मतिले स्वीकृत गरियो।

(ङ) नगर सभाको आठौं अधिवेशनबाट पारित आ.व.२०७८/०७९ को वार्षिक बजेट तथा कार्यक्रम एवम् नवौं अधिवेशनबाट संशोधन भएका समेत देहायका आयोजनाहरू आगामी नगर सभाबाट अनुमोदन हुनेगरी संशोधन गरी कार्यान्वयन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

| क्र.सं. | वडा नं. | साविकको योजना | संशोधित योजना |
|---|---|---|---|
| १ | १६ | वडा स्तरीय योजना अन्तर्गत (पाना नं.१४८/सि.नं.४५७) नाला सरसफाई शीर्षकलाई नगर सभाको नवौं अधिवेशनबाट संशोधन गरी श्मसान घाटमा कम्पाउण्ड वाल मर्मत कार्यमा विनियोजित रु.४,००,०००।० | नाला सरसफाई तथा सडक मर्मत |
| २ | १६ | नगर स्तरीय योजना अन्तर्गत (पाना नं.१६५/सि.नं.२६९) बर्मा टोल नाला मर्मत कार्य शीर्षकलाई नगर सभाको नवौं अधिवेशनबाट संशोधन गरी राधाकृष्ण मन्दिर निर्माण कार्यको लागि विनियोजित रु.१०,००,०००।० | वडा कार्यालयमा पार्किङ स्थल, हेल्प डेस्क तथा सेवाग्राही प्रतिक्षालय निर्माण गर्ने |
| ३ | ७ | कन्हैया गल्लीमा नाला निर्माण, बाटो ढलाई वा ग्राभेल शीर्षकमा विनियोजित रु.२५,३०,०००।० (पाना नं.१३७/सि.नं.२३४) | सरस्वती टोल र हरियाली टोलका बाटोहरू आर.सि.सि. ढलान र नाला मर्मत |

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ प्रदेश नं. १, नेपाल